मनराशिसवा नगरपालिका
Manarashiswa Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Office Of The Municipal Executive
(शिक्षा,युवा तथा खेलकुद शाखा)
मनरा/Manara

प.स./ReferenceNo.: २०७७/७८
च.नं./Dispatch No.: 908

प्रदेश नं.२,नेपाल/ Province No.2,Nepal
मितिः २०७८।०२।३०

श्री सामुदायिक विद्यालय सबै
मनरा शिसवा नगरपालिका, महोत्तरी

विषय : छुट प्राविधिक ग्रेड सम्वन्धमा

प्रस्तुत विषयमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको च.नं. २०० मिति २०७८।०२।०९ गत्तेको पत्रानुसार २०५७ साल श्रावण १ गत्ते भन्दा अगाडि स्थायी नियुक्ति लिइ २ (दुई) ग्रेड खाईपाइ आएका शिक्षक (पद बहाली तथा सेवा निवृत) छुट प्राविधिक ग्रेडका लागि लेखि आएकाले सम्बन्धित विद्यालयले पद बहाली शिक्षकका लागि २०७३।०४।०१ देखि २०७८ अषाढ मसान्त सम्मको र सेवा निवृत शिक्षकका लागि २०७३।०४।०१ देखि सेवा निवृत भएको मिति सम्मको छुट प्राविधिक ग्रेड रकम हिसाब गरी तपसिल बमोजिमको आवश्यक कागजात सहित २०७८ अषाढ ७ गत्ते भित्र शिक्षा शाखामा वुझाउन हुन अनुरोध छ ।

तपसिल

१. प्राविधिक ग्रेड पाउने शिक्षकहरुले मिति २०७३।०४।०१ पश्चात पाउने २ ग्रेड वापत प्राप्त हुने रकमको अलग अलग माग फारम भरी प्रत्येक वर्षका लागि छुटाछुटै माग गर्ने ।

२. हाल जुन तहमा कार्यरत रहेको शिक्षक हो सोही तहमा वि.सं. २०५७।०४।०१ अघि स्थायी नियुक्ति पाएको हकमा नियुक्ति पत्र तथा माथिल्लो तहमा बढुवा भएको भए सो पत्रको प्रतिलिपी, अवकास प्रात शिक्षकहरुको हकमा अवकास पत्रको प्रतिलिपि, २०५७।०४।०१ भन्दा अगाडि तालिम प्राप्त भएको प्रमाण पत्रको प्रतिलिपि समेत राखि माग गर्ने ।

३.वि.सं. २०७३ भन्दा अघिको ग्रेड छुट भएको छ भने शिक्षा विकास तथा समन्वय इकाइमा एकिन गरी पठाउनका लागि ग्रेड छुट भएको आ.व. भन्दा अघिल्लो आ.व.को तेस्रो चौमासिक माग फारम तलवी भरपाई तथा शिक्षकको विवरण पठाउनु पर्ने ।

२०७८।०२।३०
रोमन निरौला
शिक्षा अधिकृत

रोमन निरौला
शिक्षा अधिकृत